स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड अभिनेता सलमान खानले बहिनी बनाएकी श्वेता रोहिरा हालसालै एउटा भयानक दुर्घटनामा परेकी छन् । श्वेता आफैले आफ्नो इन्स्टाग्राम पोस्ट मार्फत यो जानकारी साझा गरेकी हुन्। वास्तवमा पुलकित टिमीमा काम गरिरहेको बेला सेटमा दुवैको भेट भएको थियो र त्यसपछि दुवैले केही समय एकअर्कालाई डेट गरेपछि विवाह गरे।

**आजको विचार...**



नेपालको...
*(दुई पेजमा)*

दुर्गाप्रसाद अर्याल



आगामी नयाँ वर्षलाई लक्षित गरेर चैत २९ गते तीनवटा फिल्म प्रदर्शनमा आउने तयारीमा छन्। ती फिल्महरु हुन्, 'कर्मा', 'नरसिंहा अवतार' र 'पिताम्बर'। रोचक कुरा के छ भने यी तीनवटै फिल्म एक्सन प्रधान हुन्। एउटै मितिमा एउटै जनराका तीनवटा फिल्म आउनु व्यापारिक हिसाबले जोखिमपूर्ण मानिन्छ। तर, तीनवटै फिल्मका निर्माताहरु घोषित मितिबाट पछाडि हट्ने पक्षमा छैनन्। तीन फिल्ममध्ये 'पिताम्बर'को छायांकन पूरा भएर टिजर पनि आइसकेको छ।

❐ वर्ष ३० ❐ अंक १९० ❐ २०८१ माघ २० गते आइतबार 2 February 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### विमान आपसमा ठोक्किदा १८ को मृत्यु

(रासस/एएफपी)

**वासिङ्टन,** माघ १९/अमेरिकाको वासिङ्टन डिसी नजिकै अमेरिकी एयरलाइन्सको विमानअमेरिकी सेनाको 'ब्ल्याक हक' हेलिकप्टरसँग ठोक्किएर दुर्घटना भएको छ । विमानमा ६० जना यात्रु र चार जना चालक दलका सदस्यसहित ६४ जना सवार रहेका थिए । अहिलेसम्म १८ जनाको शव फेला परेको स्थानीय सञ्चारमाध्यमले प्रहरी अधिकारीहरूले उद्धृत गरी जानकारी गराएका छन् । बम्बार्डियर कम्पनीको सीआरजे ७०० विमान विचिटा क्यानकासबाट वासिङ्टनतर्फ जाँदै थियो । अमेरिकी सञ्चारमाध्यमका अनुसार विमान दुर्घटनापछि हावामा दुई भाग भई पोटोम्याक नदीमा खसेको प्रत्यक्षदर्शीले बताएका छन् । नदीमा खोजी तथा उद्धार कार्य जारी छ । स्थानीय समयअनुसार राति ९ बजे वासिङ्टन रेगन नेसनल एयरपोर्ट नजिकै दुर्घटना भएको घटनाको अनुसन्धान सुरु गरिएको छ । दुर्घटनापछि ठूलो संख्यामा आकस्मिक बलका सदस्यहरू विमानस्थलमा पुगेका छन्। घटनास्थलमा १० भन्दा बढी एम्बुलेन्स र ट्रकपनि रहेका छन् । रेगन एयरपोर्टले सामाजिक सञ्जाल एक्समा एक सूचना जारी गर्दै लेखेको छ,'तत्कालका लागि सबै उडान स्थगित गरिएको छ ।' एक अमेरिकी सैनिक अधिकारीले अमेरिकी समाचार च्यानल सीबीएसलाई बताएअनुसार दुर्घटनामा परेको हेलिकप्टर अमेरिकी सेनाको ब्ल्याक हक हेलिकप्टर थियो । हेलिकप्टरमा अमेरिकी सेनाका तीन सैनिक सवार थिए । हेलिकप्टरमा कुनै वरिष्ठ अधिकारी थिएनन्, तर त्यसमा सवार सैनिकको अवस्था पनि स्पष्ट छैन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुर्घटनापछि सामाजिक सञ्जाल एक्समा एक सन्देश जारी गर्दै भनेका छन्, नेसनल एयरपोर्टमा भएको दुर्घटनाबारे मैले पूर्ण जानकारी पाएको छु ।

## विश्व सिमसार दिवस विशेष

# मासिँदै सिमसार, हराउँदै जलपन्छी

**रामचन्द्र रायमाझी**

**पाल्पा,** १९ पौष/जिल्लाका विभिन्न ठाउँमा रहेका सिमसार क्षेत्रहरू मासिँदै गएका छन् । अव्यवस्थित बसोबास, अतिक्रमण, विकास निर्माण, जलवायु परिवर्तनको असरलगायत कारण सिमसार क्षेत्रहरू मासिँदै गएका हुन् ।

जिल्लाको अन्न भण्डार भनिने माडी र झडेवा फाँटको दलदल जमिन ठूलो प्राकृतिक सिमसार क्षेत्र तिनाउ नदीको मुहान हो । प्रभासमा रहेको कमल पोखरी, पाल्पाकै उच्च पहाडी भागमा रहेको सत्यवती ताल र जिल्लाको पूर्वी केन्द्र रामपुरमा रहेको ताल पोखरा जिल्लाका मुख्य सिमसार क्षेत्र हुन् । यहाँ साना-ठूला अन्य सिमसारहरु पनि छन् । तर पछिल्लो समय अधिकांस सिमसारहरु विभिन्न समस्याको चपेटामा परिरहेका छन् । सिमसार क्षेत्रमा विसर्जन गरिएका सहरी ढल, जथाभावीरूपमा फालिने फोहोरले त्यहाँको वातावरण र पारिस्थितिकीय प्रणालीलाई नै दुर्गन्धित र अस्वस्थ बनाएको छ । सिमसार क्षेत्र मासिँदै गएपछि बासस्थान तथा आहाराको खोजीका लागि आउने जलचरहरु पनि हराउन थालेका छन् । एक दशक अघि सम्म जिल्लाका विभिन्न सिमसार क्षेत्रहरुमा हजारौंको संख्यामा हाँस प्रजातिका सेतो बकुल्ला देखिन्थे । खोला तथा सिमसार क्षेत्र खेतमा पाइने माछालाई प्रमुख आहारा बनाउने बकुल्ला पछिल्ला समयमा देखिन छाडेका स्थानीयहरु बताउँछन् । जब बेलुकाको समय हुन्छ आफ्नो आहारा खोजेर टाढा टाढाबाट बासमा फर्किदा हुलै सित लाइनबद्ध भएर आउँदाको दृश्यले मालचराको झल्को नै दिन्थ्यो । तर पछिल्लो समय तिनीहरु एकाएक कहाँ गए कसैलाई थाहा छैन् । पहिले-पहिले



पाल्पाका माडीफाँट, अर्गली, रामपुर पुर्वखोला जस्ता फाँटमा मात्र नभएर साना-साना खोलाका किनारामा भएका खेतहरुमा पनि लहरै आहारा ढुकेर बकुल्ला बसेको देखिन्थे । बर, पिपल, स्वामी, सिमल जस्ता अग्ला अग्ला रुखहरुमा सेताम्ये देखिने पंक्षी एकाएक हराउँदै जादा आफुहरु अचम्मित भएको माडीका लेखनाथ भण्डारी बताउन्छन् । आहारा र बासस्थानको समस्याका कारण ति पन्छीहरु हराउन पुगेकाले तिनीहरुको खोजी गर्नुपर्ने उनको भनाई छ । बकुल्लाले पानीभित्र माछा तथा सिस्यानमा बस्ने भ्यागुता, गंगटा, साना -साना सर्पहरुको शिकार गर्ने गर्छन् । जब खेतमा धान रोप्ने समयदेखि धान काट्ने समय सम्म खेत सेताम्ये देखा पर्दा जो कोहीको मन पनि आनन्दित हुन्छ । यसरी देखा परेका बकुल्लाहरु किन र कसरी हराउँदै गए भन्ने विषयमा सरकारी तहबाटै खोजिनुपर्ने तानसेन दमकमडा निवासी पत्रकार प्रकाश नेपालले बताए । माडीका फाँटहरुमा प्रसस्त मात्रमा देखिने बकुल्लाहरु देख्न छाडिएको उनको भनाई छ । पहिले-पहिले यहाँका सिमलका रुखहरु कुनै खाली नै थिएन । सबैमा सेताम्य भएर बास बसेको देखिन्थ्यो । यी एकाएक हराएको धेरै भएको छैन । सिमसार क्षेत्रमा विसर्जन गरिएका सहरी ढल, जथाभावीरूपमा फालिने फोहोरका कारण सिमसार संकटमा परेकाले आहारामा कमी आएकोले एक एक गरी संख्यामा कमी आउँदै गएको पत्रकार नेपालको भनाई छ । पाल्पामा मात्र होइन देशभर नै जलपन्छीहरु हराउँदै गएका छन् । दलदल सिम, घोल, ताल, तलाउ, पोखरी, दह, कुण्ड, नदीनाला, बाढी क्षेत्र, जलाशय, सिञ्चित खेत, जल क्षेत्रको घाँसे मैदान जस्ता सिमसारमा जलपन्छी आश्रित हुने गर्दछन् । तर सिमसारको अतिक्रमण, वरपरका खेतबारीमा प्रयोग गरिने रासायनिक मल र विषादीको चुहावट, ढल तथा मेलापर्वका सामान विसर्जन, बाह्य तथा मिचाहा प्रजातिको संक्रमण, भू-क्षय र वरपरबाट बगेर आउने भलसँगै ढुङ्गा, बालुवा, पाँगो माटो थुप्रिनुका साथै पछिल्ला दिनमा नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन, पर्यटन प्रवर्द्धनका नाममा तालतलैयामा डुङ्गा सञ्चालन, भौतिक संरचनाको निर्माण र वनभोज जस्ता पर्यावरण प्रतिकूल क्रियाकलापले सिमसारको गुणस्तर र आयु छोट्याइदिएको छ । यसको प्रत्यक्ष असर जलपन्छीमा परेको हो । जिल्लामा सिमसारको संख्या र बहुप्रयोगको सम्भावना भएपनि यहाँका स्थानीय सरकारबाट अहिलेसम्म सिमसारको अभिलेखीकरण, संरक्षण, व्यवस्थापन र उपयोगका योजनाहरु आउन सकेका छैनन् । हरेक वर्षका नीति कार्यक्रममा गाउँ र वनमा पोखरी खन्ने कुराहरु आउने गरेका छन् । तर उनीहरुले अहिलेसम्म सिमसार सम्बन्धी नीति, निर्देशिका र कानून निर्माण गरेको छैन् ।




# गुल्मी दुई करोड लगानीमा पानी उद्योग स्थापना



**गुल्मी,** माघ १९/ रोजगारीको सिलसिलामा पछिल्लो समयमा कैयौं युवा विदेसिएको अवस्थामा यहाँका युवाले भने गाउँमै लगानी गरेर उद्योग सञ्चालन गरेका छन् । जिल्लाको रेसुङ्गा नगरपालिकाका तीन युवाले मिलेर गाउँमै दुई करोड लगानी गरेर आधुनिक पानी उद्योग सञ्चालनमा ल्याएका हुन् ।

सँगैका साथीहरु रोजगारीका लागि विदेशीय पनि आफूहरुले गाउँमै लगानी गरेर पनि केही गर्न सकिन्छ भन्ने उद्देश्यले रेसुङ्गा-३ स्थित बेहोरेमा उद्योग सञ्चालन गरेको रेसुङ्गा जल प्रालिका अध्यक्ष सन्तोष कुँवरले बताए । रेसुङ्गा-३ का कुँवर, वडा नं ६ का राम पन्थी एवं वडा नं २ का विश्वास पुन गरी तीन युवाले रेसुङ्गाको पानीलाई प्रशोधन गरी ब्रान्डिङ गरेर 'रेसुङ्गा आक्वा' नामको शुद्ध पानी बजारमा ल्याएका छन् । उक्त उद्योगको एक कार्यक्रमकाबिच उद्घाटन गर्दै नगर प्रमुख खिलध्वज पन्थीले देशमा केही छैन भनेर गलत भाष्य निर्माण गरी विदेश जाने युवालाई रेसुङ्गाका तीन युवाले गाउँमै उद्योग स्थापना गरेर स्वदेशमा पनि केही गर्न सकिन्छ भन्ने गतिलो उदाहरण दिएको बताए । उनले यसरी उद्यम गर्ने युवालाई नगरपालिकाका तर्फबाट प्रोत्साहन गर्दै सक्दो सहयोग गर्ने नीति रहेको बताए । उद्योग स्थापनापछि चार महिनासम्म पानीको परीक्षण गरेपछि व्यावसायिक रुपमा उक्त पानी बजारमा आएको हो । **बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सिमसार जोगाउन जुटौँ

जहाँ छिपछिपे पानी हुन्छ, दलदल हुन्छ, धाप हुन्छ त्यो सिमसार हो । पानीको शुद्धीकरणको मामलामा सिमसारलाई मानिसको शरीरको मिर्गौलासँग दाँजिन्छ । सिमसार मानिसका लागि र स्वयं पृथ्वीको जीवनका लागि पनि अदभुत रूपमा महत्वपूर्ण ठाउँ हो । विज्ञहरू सिमसारलाई धर्तीको मिर्गौला भन्छन् । यसैबाट स्पष्ट हुन्छ कि जसरी मिर्गौला फेल भएपछि मानिसको जीवन जटिल बन्छ, त्यसरी नै सिमसार बिग्रे धर्तीको सन्तुलन खल्बलिन्छ । जसै मानिस आफ्नो स्वास्थ्यमा ख्याल नगरी समस्या आएपछि मात्रै होसमा आउँछन्, धर्तीका हकमा पनि त्यस्तै हुन्छ । पारिस्थितिकीय प्रणालीका सेवाहरू उपलब्ध गराउनुमा सिमसारको भूमिका उत्तिकै महत्वपूर्ण मानिन्छ । तर सिमसार क्षेत्रको संरक्षण, बुद्धिमतापूर्ण उपयोग र व्यवस्थापनका लागि निर्दिष्ट कानुन अझै बन्न सकेको छैन । जसका कारण सिमसार क्षेत्र नासिँदै गएका छन् । अमानवीय गतिविधिले गर्दा सिमसार क्षेत्रहरू विभिन्न समस्याको चपेटामा परिरहेका छन् । सिमसार क्षेत्रमा विसर्जन गरिएका सहरी ढल, कलकारखानाबाट उत्पादित रासायनिक पदार्थ र जथाभावीरूपमा फालिने फोहोरले त्यहाँको वातावरण र पारिस्थितिकीय प्रणालीलाई नै दुर्गन्धित र अस्वस्थ बनाएको छ । कैयन् सिमसार क्षेत्रहरूको अझै पनि स्पष्ट सिमाना निर्धारण गर्न नसकिएका कारण मानिसले उक्त स्थानहरूको अतिक्रमण गरी घर/टहरा बनाउने र खेतीपाती गर्ने गरेका छन् । जसका कारण सिमसार क्षेत्रहरू नासिँदै गएका छन् । यो अत्यन्त दुःखको कुरा हो । विश्वमा सिमसार क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले हरेक वर्ष फ्रेब्रुअरी २ का दिन विश्व सिमसार दिवस मनाइने गरिन्छ ।

आज पनि हरेक वर्ष जस्तै विविध कार्यक्रम गरी मनाइँदै छ । तर दिवस मनाइँदै गर्दा सिमसार संरक्षणमा कसैको पनि ध्यान पुग्न सकेको छैन । मुलुकभर रहेका सिमसार क्षेत्रहरुको पूर्ण विवरण संकलन गरी प्राथमिकता र सम्भाव्यता अनुसार तिनको अध्ययन, संरक्षण र सदुपयोगका लागि सम्बन्धित सबै निकाय सक्रिय हुन अत्यावश्यक छ । सिमसार क्षेत्रको व्यापक महत्व र उपयोगितालाई आत्मसात गर्दै यसको संरक्षण र संवर्द्धनमा यथोचित ध्यान दिनुपर्छ । मुलुकभर रहेका सिमसार क्षेत्रहरुको पूर्ण विवरण संकलन गरी प्राथमिकता र सम्भाव्यता अनुसार तिनको अध्ययन, संरक्षण र सदुपयोगका लागि सक्रिय हुन आवश्यक छ । यसर्थ दिवसका अवसरमा सिमसार क्षेत्रको व्यापक महत्व र उपयोगितालाई आत्मसात गर्दै यसको संरक्षण र संवर्द्धनमा सबै आ–आफ्नो ठाउँबाट जुटौं ।

### Opinion @ Social Network

उस्को परिवर्तन को लागि कुनै गुनासो छैन, मलाई मेरो विस्वास मा लाज लाग्छ ।
*(लोकु सरकारको फेसबुक स्टाटसबाट www.facebook.com//Loku.Sarakar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको विकास, युवा र बौद्धिक पलायन



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

प्राकृतिक स्रोत साधनले भरिपूर्ण देश नेपाल जहाँ सुनमा सुगन्ध भनेझै विकासको गतिले पनि तिव्ररुप लिदै गएको देखिन्छ । अब केहि हुन्छ, जिवीकोपार्जनको लागि विदेशी भूमिको चर्को गर्मीमा पसिना बगाउनु पर्ने अवस्थाको अन्त्य हुन्छ भन्ने सकरात्मक आशा पलाउदै गएको छ । देशमै रोजगारीका अवसरहरु खुल्दै गएका छन् । देश सञ्चालक राजनीतिक नेतृत्व देश र जनताका लागि केहि सकारात्मक परिवर्तन गर्नु नै पर्ने दवाबमा परेको देखिन्छ । विकासका मुख्य सुचकहरुमा सकरात्मक परिवर्तनका संकेत प्रष्टरुपमा देखिएकै छन् । समानुपातिक विकास योजनाले देशका सुगमदेखि दुर्गम सम्मका क्षेत्रहरुलाई समेट्दै लगेको देखिन्छ । खानेपानी,विद्युतीकरण,शिक्षा,स्वास्थ्य,सडक जस्ता विकासका मूख्य पूर्वाधारहरुमा राज्यले ठूलो लगानी गरिरहेको छ । अब गफ र भाषणले होइन कामले जनताको मन जित्न सकिन्छ भन्ने सोच राजनीतिक नेतृत्वमा पनि रहेको देखिन्छ भने जनतामा खवरदारी गर्ने, विकास निर्माणका कार्यमा चासो बढ्दै गएको देखिन्छ । यति हुँदा हुँदै पनि विशेष गरेर युवामा भने आशा हैन् निराशा बढ्दै गएको देखिन्छ । विशेष गरेर शिक्षित युवा वर्गहरुमा यो दर बढ्दै गएको देखिन्छ । सक्रिय जनशक्तिको रुपमा रहेको युवा पुस्तामा भने निराशा र आलोचना बढ्दै गएको छ । देशमा बस्नुको अर्थ छैन्, यहाँ भविष्य छैन्,रोजगारीको अभाव छ, यो देश कहिलै बन्दैन्, बाउले जसरी जीवन बिताए हामी पनि त्यसरी जीवन बिताउन सकिदैन् । यस्तै यस्तै निराशा व्यक्त गर्दै दक्ष, अदक्ष र अर्धदक्ष सबै प्रकारका जनशक्ति सुनौलो भविष्यको आशमा विदेशिने दर बढ्दै गएको देखिन्छ । पछिल्लो पुस्तालाई देशमै टिकाई राख्न राज्य असफल जस्तै देखिन्छ । देशमा विकास नभएकै हो त ? देशमा बस्ने सम्भावना नभएकै हो त ? सरकार सञ्चालकहरुले केहि नगरेकै हुन् त ? किन युवामा निराशा बढ्दै छ ? किन बौद्धिक पलायन बढ्दै छ ? यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

> *विकासका मुख्य सुचकहरुमा सकरात्मक परिवर्तनका संकेत प्रष्टरुपमा देखिएकै छन् । समानुपातिक विकास योजनाले देशका सुगमदेखि दुर्गम सम्मका क्षेत्रहरुलाई समेट्दै लगेको देखिन्छ ।'पानी,विद्युतीकरण,शिक्षा,स्वास्थ्य,सडक जस्ता विकासका मुख्य पूर्वाधारहरुमा राज्यले ठूलो लगानी गरिरहेको छ । अब गफ र भाषणले होइन कामले जनताको मन जित्न सकिन्छ भन्ने सोच राजनीतिक नेतृत्वमा पनि रहेको देखिन्छ भने जनतामा खवरदारी गर्ने, विकास निर्माणका कार्यमा चासो बढ्दै गएको देखिन्छ । यति हुँदा हुँदै पनि विशेष गरेर युवामा भने आशा हैन् निराशा बढ्दै गएको देखिन्छ । विशेष गरेर शिक्षित युवा वर्गहरुमा यो दर बढ्दै गएको देखिन्छ । सक्रिय जनशक्तिको रुपमा रहेको युवा पुस्तामा भने निराशा र आलोचना बढ्दै गएको छ ।*

| नेपालको अवस्था | प्रजातन्त्र प्राप्ति अगाडि | आर्थिक वर्ष २०७९ / ०८० सम्म आउदा |
|---|---|---|
| बिजुली पुगेको जनसंख्या | ८.८ % | ९२.५२ % |
| विद्युत उत्पादन | २२७ मेगा वाट | २८७४ मेगावाट |
| सौचालय प्रयोग जनसंख्या | ६ % | ९५.५ % |
| मोटर बाटो | ७३३० कि.मी | ६५००० कि.मी |
| साक्षरता दर | ४० % | ७६.२० % |
| औसत आयु | ५४ वर्ष | ७३ वर्ष |
| गरिबी | ४९ % | १३ % |
| सार्वजनिक ऋण | करीव ८० अर्ब ३६ करोड | करीव २६ खर्ब |
| खानेपानी सुविधा | करीव ३० % | करीव ९५ % |
| विद्युत सुविधा पुगेको जनसंख्या | १० % | ९८ % |

**वर्तमान अवस्था, युवा र बौद्धिक पलायन** :गणतन्त्र र संघीयता कार्यान्वयनका लागि तय भएका तीन सरकार सञ्चालनका लागि राज्यले वैदेशिक ऋणको आकार बढाउँदै विकासका मुख्य पूर्वाधारहरुमा भने देखिने गरि सकारात्मक परिवर्तन गरेकै देखिन्छ । देशको सुगमदेखि दुर्गमसम्म विकासले गति लिदै गएको देखिन्छ । तर यसको विपरीत देशको ग्रामीण क्षेत्रहरु खाली हुँदै गएको पाइन्छ । बस्तीहरु खाली हुँदै गएका छन् । घरहरु जेष्ठ नागरिक आश्रम जस्तै देखिदै गएका छन् । जिउदोको जन्ती र मर्दाको मलामी पाउनै छोडिएको छ । युवा तथा श्रम शक्ति विहीन बन्दै गएका छन् । खेतीयोग्य भूमिहरु बाँझिदै गएका छन्, कृषिजन्य आयात व्यापारको अश बढ्दै गएको छ । राजनीतिकरण र राजनीतिक हस्क्षेप बढ्दै गएको देखिन्छ । राजनीतक आरोप-प्रत्यारोप र राजनीतिक अस्थिरता उस्तै देखिन्छ । रोजगारी श्रृजना हुन् सकेको देखिदैन् । सरकार बनाउने र ढाल्ने खेल चलिरहेकै देखिन्छ । ग्रामीण क्षेत्रसम्म विकास पुगेता पनि रोजगारी दिन सकेको देखिदैन् । शिक्षित जनशक्तिलाई देश भित्रै टिकाउने योजनातय गर्न सकेको देखिदैन् । प्रजातन्त्र हुँदै देश गणतन्त्रसम्म आईपुग्दासम्म पनि देशमा सुशाशन र विधिको शाशन सञ्चालन गर्न नसक्नु युवा पलायनको कारण बन्न पुगेको देखिन्छ । यी उल्लेखीत पक्षले देशले विकासको गति लिएता पनि युवामा निराशा र विदेश पलायनको दर बढ्दै गएको देखिन्छ । यसका साथै विश्वव्यापिकरण, सामाजिक सञ्जाल लगायतका पक्षहरुले युवापुस्तामा बढ्दै लगेको महत्वकाक्षा, थोरै समयमा धेरै कमाउनु पर्ने मानसिकता, प्रर्दशन प्रभाव आदि युवामा बढ्दै गएको निराशाका कारण बन्न सक्दछ । यसले युवा जनशक्तिलाई देश भित्रै टिकाई राख्न नसक्ने देखिन्छ । विभिन्न बहानामा वैदेशिक यात्राको कहालीलाग्दो दृश्य दैनिकरुपमा देखिन थालेको छ ।

**नेपाल हिजो र आज** : प्रजातन्त्र प्राप्ति पछिका सरकारहरुले जनताको दैनिकी सुधारका लागि योजनाहरु तय गर्दै लगेको कुरामा दुईमत रहँदैन् । विकासका सुचकहरुमा परिवर्तन पनि देखिएका छन् । शिक्षा क्षेत्र सुधारका लागि उपयुक्त योजना तय गरेका कारण आज थोरै खर्चमा उच्च शिक्षा लिन सक्ने अवस्था सिर्जना भएको छ । अधिकाश विद्यालयहरु प्रविधीमैत्री बन्दै गएका छन् । मुठ्ठी दान, जग्गा बिक्री र सहयोगका आधारमा विद्यालय सञ्चालन गर्नु पर्ने अवस्थाको अन्त्य भएको छ । सरकारले विविध अनुदान र सहयोग विद्यालयहरुलाई निरन्तर उपलब्ध गराउन थालेको छ । विद्यालयका भवन आधुनिक र बालमैत्री बन्दै गएका छन्, विद्यालयमा पुस्तकालय , कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला बनेका छन् । विभिन्न छात्रवृत्तिको व्यवस्था, वातावरण र प्रविधिमैत्री कक्षा कोठा निर्माण भएका छन् । नि:शुल्क शिक्षाको व्यवस्था भएको छ । आर्थिक अभावमा शिक्षा लिनबाट कोहि बञ्चित हुनुपर्ने अवस्थाको अन्त्य भएको छ । विकासको अर्को महत्वपूर्ण पक्ष स्वास्थ्य क्षेत्रमा पनि सुधार देखिएको छ । देशको सुगम क्षेत्रमा मात्रै नभएर दुर्गम क्षेत्र सम्म स्वास्थ्यकर्मीको सेवा विस्तार गरेको छ । हरेक वडाहरुमा नि:शुल्क प्राथमिक उपचारको लागि स्वास्थ्य चौकीको व्यवस्था गरेको छ । हरेक स्थानीय तहहरुमा अस्पताल सञ्चालनको योजना तय गरि कतिपय स्थानीय तहले सञ्चालनको तयारी गरेको देखिन्छ । स्वास्थ्य विमा, जेष्ठ नागरिक स्वास्थ्य उपचारको व्यवस्था, जटिल रोगको उपचारको व्यवस्था गरेको छ । सरकारी अस्पतालको सेवा विस्तार तथा स्रोत साधनले सम्पन्न बनाउदै लगेको देखिन्छ । विश्वका आर्थिक रुपमा सम्पन्न देशहरुले गर्न नसकेको कार्य सामाजिक सुरक्षाको क्षेत्रमा प्रजातन्त्र पछाडीका सरकारहरुले गरेको देखिन्छ । जेष्ठ नागरिक भत्ता उत्कृष्ट कार्यक्रमको रुपमा रहेको छ । मासिक रुपमा यो भत्ता उपलब्ध गराउदै आएको देखिन्छ भने समय अनुकुल यो रकमलाई बढाउदै लगेको देखिन्छ । यो कार्यक्रममा अपाङ्ग, असहाय, एकल महिला, दलित समुदायका जनतालाई पनि समावेश गरिएको छ । सञ्चार, विद्युत, खानेपानी सबै नागरिकको पहुँचमा पुग्न थालेको छ । कालीगण्डकी करिडोर, कर्णाली करीडोर जस्ता महत्वपूर्ण आयोजना सञ्चालनमा रहेका छन् । देशभरका सडक पराकिलो बनाईएका छन् । ठाउँ-ठाउँमा सुरुङमार्ग बनिरहेका छन् ।

जोखिम मुक्त र धुलो रहित बन्दै छन् सडकहरु । गरीबीका कारण शिक्षा नपाउने, भोकमरीमा पर्नु पर्ने, स्वास्थ्य उपचारबाट बञ्चित हुनुपर्ने अवस्थाको अन्त्य भऐको छ । सार्वजनिक ऋणको आशमा भएको व्यापक वृद्धि बाहेक नेपालका हरेक विकास सुंचकहरुमा हिजो भन्दा आज सकरात्मक परिवर्तन आएको कुरा उल्लेखीत तथ्याकबाट प्रस्ट हुने गर्दछ । विकास नै भएन् भन्नेहरुका लागि यो गतिलो उत्तर पनि हो । केहि स्वार्थ परिपूर्तीका लागि राजनीतिक दलले नै सिर्जना गर्ने भ्रमले कहाँ केहि भएन् भन्ने निराशाले पछिल्लो युवा पुस्तालाई गाज्दै लगेको देखिन्छ भने परिमाण स्वरुप बौद्धिक पलायनको कहाली लाग्दो तथ्याकको नेपालले सामना गर्नु परेको छ ।

**निष्कर्ष** : चर्का भाषण र मिठा आश्वासनले, राम्रा ऐन नियम बनाएर मात्रै देश विकास र नागरिकमा सकरात्मक सन्देश सिर्जना गर्न सकिन्छ भन्ने भ्रमको अन्त्य गरौं । राजनीतिक स्वार्थ परिपूर्तीका लागि देशलाई बर्वादीको दिशामा नधकेलौ । विधिको साशनको अभ्यास गरौं । राष्ट्रहितका पक्षमा राष्ट्रिय एकता देखाउँ । पछिल्लो समय युवा पुस्तामा बढ्दै गएको निराशा र बौद्धिक पलायनको कारण पहिचान गरि यसको अन्त्यको खोजी गरि देश भित्रै बस्ने र केहि गर्न सकिन्छ भन्ने भावनाको विकास गरौं ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : समस्या निम्त्याउन सक्नुहुनेछ। घर परिवारसँग मनोरञ्जनात्मक समय बित्नेछ।

**वृष** : स्वविवेकको प्रयोग गर्नुहोस्। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ।

**मिथुन** : आलोचना गर्नेहरू सक्रिय हुनेछन्। सामाजिक यात्राको योग छ ।

**कर्कट** : कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्रबाट सम्मान मिल्न सक्छ।

**सिंह** : प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**कन्या** : मन प्रसन्न रहनेछ । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।

**तुला** : कार्य सम्पादनमा समस्या आउला । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ ।

**वृश्चिक** : व्यवसायिक समस्या समाधान हुनेछन् । शत्रु पनि क्षय होलान् ।

**धनु** : आज रमणीय र सुखद् यात्राको योग छ । धर्म र आस्था बढ्नेछ ।

**मकर** : हर्ष र प्रसन्नतामा समय व्यतित हुनेछ । स्वास्थ्य पनि सबल नै रहनेछ ।

**कुम्भ**: विचार पुर्याएर निर्णय लिनु राम्रो होला। मेहनेत अनुसार लाभ मिल्नेछ ।

**मीन** : भाग्यले अवसर जुराउनेछ। जग्गा जमिनको कारोबारबाट राम्रो फाइदा हुनेछ।

# कृषि


## गाउँमा रोजगार सिर्जना गर्न डेढ करोडमा कागती खेती



बसाइँसराइका कारण रित्तिदै गएको गाउँमा बागलुङ नगरपालिका-१४ बलेवाका किसानले व्यवसायिक कागती खेती गर्न थालेका छन् । किसानले कृषक समुह बनाएर साढे दुई सय रोपानी जग्गा भाडामा लिएर कागती खेती सुरु भएका हुन् । गाउँका ५२ जना किसानको समूहले झाडीले ढाकिन थालेको खेतीयोग्य जमिनको सदुपयोग गरि कागती लगाएका हुन् । वि.सं. २०७७ सालदेखि चासो कृषक समूहले सुरु गरेको कागती खेती फस्टाउन थालेको छ । कागती खेतीका लागि रु एक करोड ५० लाख बढी लगानी भएको चासो कृषक समूहका अध्यक्ष केशव सुवेदीले जानकारी दिए। गत वर्षदेखि नै कागती उत्पादन हुन थालेको उनको भनाइ छ । यस वर्ष झण्डै रु पाँच लाखको विक्री गरेको अध्यक्ष सुवेदीले बताए । कागती खेतीका लागि कृषि ज्ञान केन्द्रले रु छ लाख र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङ्ले रु १५ अनुदान दिएको थियो । किसानहरुले झण्डै रु एक करोड ३० लाख लगानी गरेको अध्यक्ष सुवेदीले जानकारी दिए । गाउँमा मान्छे सेवा र सुविधाको खोजीमा बजार झर्न थालेपछि खेतीयोग्य जमिनको सदुपयोगका लागि कागती खेती सुरु गरेको उनको भनाइ छ । 'गाउँमा रोजगार सिर्जना गरौँ, उर्वर भूमिको सदुपयोग होस् र किसान आयआजर्नसँग जोडिउँ भन्ने हिसाबले गाउँका किसानहरु एकताबद्ध भएर कागती खेती सुरु गरेका हौँ, चार वर्ष अगाडि लगाएको कागतीका विरुवाले अहिले उत्पादन दिन थालेका छन्,' उनले भने- 'स्वदेशमै पनि राम्रो गर्न सकिन्छ, गाउँमै पनि युवालाई रोजगार दिन सकिन्छ भन्ने उद्देश्यले कागती खेती गरेका हौँ ।' अध्यक्ष सुवेदीका अनुसार हाल कागती बगानमा चार हजार विरुवा हुर्कि रहेका छन् । उनले गाउँमा बाँदर आतंक बढ्दा अरु खेती गर्न छोडेर कागती लगाएको बताए । कागती खेती गरेपछि बाँदर आतंक केही कम भएको उनको भनाइ छ । वर्षेनी उत्पादन बढ्दै जाने र आम्दानी पनि बढ्ने सुवेदीले बताए । यस वर्ष रु पाँच लाखको कागति बागलुङ, कुश्मा लगाएको बजारमा विक्री गरेको उनको भनाइ छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङका प्रमुख नारायण पौडेलले दुई वर्षदेखि उक्त कृषक समूहलाई प्राबिधिक सहयोग र आर्थिक अनुदान दिँदै आएको बताए। २०७९ सालमा चक्लाबन्दीका लागि रु १० लाख र गत वर्ष कागती ग्रेडिङ र भण्डारणका लागि रु पाँच लाख सहयोग गरेको उनको भनाइ छ । प्रमुख पौडेलले भने - "यहाँका किसानहरुले निकै मेहेनत गर्नु भएको छ, अन्य किसानका लागि पनि यो अध्ययन केन्द्र बन्न सक्छ, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले दुई वर्षदेखि निरन्तर सहयोग गर्दै आएको छ, विषादी र अन्य प्राबिधिक सहयोग गरेका छौँ, किसानहरु पनि उत्साहित हुनु भएको छ, बोटले विस्तारै फल दिन थालेका छन् ।

*-इहिमालय टाइम्स डटकम*

## बर्सिम घाँसखेतीले किसानलाई सहज



यतिबेला घोराही क्षेत्रका खेतबारी लहलह बर्सिम घाँसले ढाकेको छ । यहाँका किसानले बर्सिम घाँसखेती गरेर पशुपालनमा सहज भएको बताएका छन् । किसान नगदेबालीका रुपमा घाँसखेती गर्न थालेका छन् । घोराही उपमहानगरपालिका-६ की सरस्वती शर्माले एउटा गाई र आठ बाख्रा पालेकी छिन् । घर छेउको १५ कठ्ठा जमिनमा बर्सिम घाँसखेती गरेको उनले बताईन् । गाई र बाख्रालाई बर्सिम घाँस खुवाएर पाल्न सजिलो भएको उनि बताउन्छिन् । "हिउँद याममा आफ्नो १५ कठ्ठा खेतमा तोरी, मसुरो र गहुँको साटोमा बर्सिम घाँस लगाउने गरेको छु", उनले भनिन्, "पूरै खेतमा घाँस लगाउन थालेको छ वर्ष भयो, हरियो हुँदा काटेर गाई बाख्रालाई खुवाउन पनि पाइएको छ ।" सुकेको डाँठलाई पनि खुवाउन पाइने र फल लाग्यो भने बिक्री गर्न पाइने यो अत्यन्तै उपयोगी घाँस भएको उनले बताईन् । उनले भनिन्, "गाई बाख्राका लागि घाँस खोज्न भौतारिनुपरेको छैन, सजिलै आफ्नै खेतबारीबाट प्राप्त गर्न सकिने भएकाले समयको बचत पनि भएको छ ।"

घोराही-६ बचाहाका बालकृष्ण खनालले १७ कठ्ठा खेतमा यो घाँस लगाएकी छन् । उनले व्यावसायिक रुपमा बाख्रा पालेकी छन् । उनिसँग ७० बाख्रा छन् । उनले हिउँदमा बर्सिम लगाएपछि एक याममा चारदेखि पाँच पटकसम्म काटेर खुवाउनाले बाख्रापालन सजिलो भएको बताईन् । बर्सिम घाँसखेती गर्दा मल पनि छर्न नपर्ने र धानमा हालेको मलले घाँसलाई पनि काम गर्ने भएकाले खेती गर्न सजिलो भएको उनले बताईन् । बीउ छरेपछि गोडमेल र स्याहार्न झन्झटिलो नभएकाले घाँसखेतीमा आकर्षण बढेको हो । गाईभैंसी, भेडा र बाख्रा सबैलाई यो घाँसले फाइदा पुऱ्याउँछ । घोराही-१७ कर्जाहीका विकास चौधरीले दुई भैंसी र आठ बाख्रा पालेका छन् । उनले भने, "बाह्र कठ्ठा खेतमा बर्सिम घाँस छरेको छु, बस्तुभाउलाई पाल्न सजिलो भएको छ ।" घरमै बीउ उत्पादन गरेर वर्षेनी घाँसखेती गर्ने गरेको उनले बताए । "एकपटक काटेर सकियो, यहाँका धेरैजसो पशुपालक किसानको घाँसखेतीमा आकर्षण बढेको छ, वर्षात्को समयमा लगाएको धान काट्नुभन्दा अगाडि मसुरो छरे जस्तै गरेर यो घाँसको बीउ छर्ने गरिन्छ । घाँस उम्रँदा धान काटिसकेको हुनुपर्छ, कसैले यसलाई खेत जोतेर पनि छर्ने गरेका पनि छन्, हरियो र सुकेको बर्सिम घाँस गाईबस्तुलाई खुवाउन एकदमै राम्रो मानिन्छ", उनले भने । घोराही-६ का कृषकहरुले १२ देखि साढे दुई बिघामा घाँसखेती गरेका छन् । अन्य बालीभन्दा धेरै फाइदा हुने भएपछि यसतर्फ किसानको आकर्षण बढेको हो । घोराही-६ को गुरुवागाउँ, गुरगै, बेरुवागाउँ, जजरागाउँ, बेरगै, फचकपुर र अघरा तथा घोराही-१७ को गैरागाउँका किसानले बर्सिम घाँसखेती गरेका छन् । अहिले पूरै खेतभरि हरियो बर्सिमखेती देख्न सकिन्छ । अहिले उक्त क्षेत्रमा रहेका एक सय ६० घरपरिवारले घाँसखेती गर्ने गरेको शिवशक्ति घाँस बीउ उत्पादक सैका सचिव विमल अधिकारीले जानकारी दिए । लगानी कम र आम्दानी राम्रो हुने भएकाले यसतर्फ किसानको आकर्षण बढेको अधिकारी बताउन्छन् । उनका अनुसार जोत्न नपर्ने, मल हाल्नु नपर्ने र धानमा हालेको मलले काम गर्ने भएकाले मलको बचत हुन्छ । पटकपटक सिँचाइ पनि गर्न नपर्ने भएकाले कृषकलाई थप सहज हुने गरेको छ । धानखेतीपछि बर्सिम घाँसखेती गर्ने गरिन्छ । यसलाई ( ग्रिनगोल्ड) का नामले पनि चिनिन्छ । पछिल्लो समय दाङका सबै जसो पालिकाका किसानले यो घाँसखेती गर्न थालेका छन् । यो घाँस खाएका पशुले दूध उत्पादन बढाउने गरेकाले अत्यन्तै लाभकारी भएको अधिकारीले बताए ।

*-रासस*

## विषादी भेटिएपछि बिक्नै छाड्यो रायोसाग



कालीमाटी तरकारी बजारमा आएका रायोसागमा विषादी भेटिएको खबर फैलिएपछि यसको बिक्री ह्वात्तै घटेको छ । उपभोक्ताले रायोसाग किन्नै छाडेका छन् । बजारमा नबिकेपछि बारीबाट किसानको साग उठ्न छाडेको छ । जति सस्तो दिन्छु भन्दा पनि साग व्यापारी नै आउन छाडेको भक्तपुर दुवाकोटकी शर्मिला तिमिल्सिना बताउँछिन् । शर्मिलाले करिब डेढ रोपनीमा रायोसाग खेती गरेकी छिन् । उनले दैनिक १ सय मुठा जति साग बेच्दै आएकी थिइन् । रायोसाग नबिकेपछि उनी निराश छिन् । 'मल, बीउको खर्च त छँदैछ, पानी लगाएको पनि घण्टाको हिसाबमा पैसा तिर्नुपर्छ,' शर्मिला भन्छिन्, 'अझ यसमा आफूले खटेको श्रमको त हिसाब नै छैन । यसपालिको लगानी बेकार भो !' लाइकीरा, पुतलीले असर गरेर कहिलेकाहिँ हाल्ने गरे पनि अहिले कुनै विषादी नहालेको उनको दाबी छ । अन्य तरकारी जस्तो सागलाई खासै औषधि पनि हाल्नु नपर्ने उनी बताउँछिन् । बारीमा रायोऊ साग टिप्दै भक्तपुर दुवाकोटकी किसान शर्मिला तिमिल्सिना। विषादीको हल्ला हुनुभन्दा पहिला साग मुठाको १५ मा बिक्री हुन्थ्यो, अहिले ५ रुपैयाँ मुठामा दिँदा पनि उठाउने मान्छे पाउन गाह्रो भएको उनको गुनासो छ । मुलपानीमा जग्गा भाडामा लिएर साग खेती गर्दै आएका शुक्र तामाङ विषादी भेटिएको खबरपछि लाखभन्दा बढी घाटा भएको सुनाउँछन् । औषधि, उपचार नगरी साग राम्रो नहुने, साग राम्रो हुँदा नबिक्ने हुँदा किसानलाई कसै गरे पनि सुख नभएको तामाङको गुनासो छ । 'कीरा लागेको साग देख्यो भने मान्छेहरू छ्या खान्न भन्छन् । राम्रो बनाउन खोज्यो औषधि हालेको भन्छन्, केही गरे पनि सुख छैन,' उनले गुनासो पोखे । निकै सस्तो मूल्यमा साग बेच्दा पनि गाडी भाडासमेत उठेन भन्दै व्यापारीले गुनासो गर्ने गरेको तामाङले बताए । भक्तपुर, मुलपानी क्षेत्रबाट साग उठाएर कोटेश्वरमा बेच्दै आएकी लक्ष्मी अधिकारी अचेल ग्राहकले साग हेर्दै नहेर्ने गुनासो गर्छिन् । 'विषादी छ खानु हुँदैन भन्छन्,' लक्ष्मी सुनाउँछिन्, 'किन्दै किन्दैनन्, कतिले त हेर्दै, हेर्दैनन् ।' पहिला दिनमा १ सय ५० मुठासम्म बिक्री हुनेमा अहिले ५० मुठा बिकाउन पनि मुस्किल परेको उनको भनाइ छ । जति सस्तोमा दिँदा पनि साग बिक्न छाडेको शान्तिनगरस्थित तरकारी बजारका व्यापारी रामनाथ राउत गुनासो गर्छन् । राउतले मुलपानी क्षेत्रका खेतबारीबाट साग उठाउँदै आएका छन् । 'चार रुपैयाँ, दुई रुपैयाँ किलोमा बेच्दा पनि बिक्दैन,' राउत भन्छन्, 'पहिला झन्डै दिनको ८० झोला बेच्थेँ, अहिले ३० झोला ल्याउँदा तीन दिन पुग्छ, त्यो पनि आधा फाल्नुपर्छ ।' विषादीको हल्लाले मात्रै नभएर धेरै उत्पादन भएकाले पनि साग बिक्री नभएको अर्का व्यापारी पशुपति अधिकारीको बुझाइ छ ।

**भेटिन छाड्यो विषादी :** पुस महिनामा गरिएका परीक्षणमा विषादी भेटिए पनि पछिल्ला दिनमा सागमा कुनै विषादी नदेखिएको केन्द्रीय कृषि प्रयोशालाका बाली संरक्षण अधिकृत महेश तिमिल्सिनाले जानकारी दिए । उनका अनुसार माघको ३-४ गतेपछि गरिएको परीक्षणमा विषादी देखिएको छैन । सागमा विषादी भेटिएपछि साग खेती हुने क्षेत्रमा गएर सचेतनामूलक कार्यक्रम समेत गरिएको उनले बताए । ९ माघमा थिमि र १० मा कागेश्वरी मनोहरा थलीमा कार्यक्रम गरिएको थियो । त्यहाँ खेती गरिएको सागबाट नमुना ल्याएर परीक्षण गर्दा विषादी नदेखिएको तिमिल्सिनाले जानकारी दिए । उनका अनुसार थिमिबाट १० र कागेश्वरी मनोहराबाट ११ वटा नमुना लिएर परीक्षण गर्दा विषादी देखिएको थिएन । विषादी हाल्ने बित्तिकै बजार ल्याउनु हुँदैन तरकारीमा औषधि प्रयोग गरेपछि निश्चित समय नपर्खिएर बजार पठाइहाल्दा यस्तो समस्या देखिएको बाली संरक्षण अधिकृत तिमिल्सिनाको भनाइ छ । उनका अनुसार कुनै विषादी वा रसायन प्रयोग गरेपछि 'वेटिङ पिरियड' हुन्छ । त्यो समय कुरेर तरकारी बजार पठाउँदा त्यसमा विषादी देखाउँदैन । विषादी हेरेर तीन दिन एक साता, २१ दिनसम्म पनि पर्खिनुपर्ने हुन्छ । झार मार्ने औषधि हालिएको छ भने त्यसको असर ७०-७५ दिनसम्म पनि रहन्छ । अर्गानोफोस्फेट समूहमा रहेका विषादी रायोसागमा भेटिएको थियो । 'ती खालका विषादी हाल्नै हुँदैन भनेर भन्न त मिलेन, त्यति धेरै हानिकारक हुन्थ्यो भने सरकारले दर्ता पनि गर्दैनथ्यो । वैज्ञानिकहरूले पनि अनुसन्धान गरेरै बनाएका हुन्,' तिमिल्सिना भन्छन्, 'किसानको श्रम, पैसा लगानी भएको हुन्छ, बाली जोगाउनुपर्छ, तर सही तरिकाले प्रयोग गर्नुपऱ्यो ।' सकेसम्म विषादी प्रयोगको विकल्पमा जाने र नगरी नहुने भयो भने समय पर्खिएर मात्रै बजार पठाउन किसानलाई तिमिल्सिनाको सुझाव छ ।

**मानव स्वास्थ्यमा विषादीको असर कस्तो ?** विषादी छर्ने किसान, व्यापार गर्ने व्यक्ति र खाने उपभोक्ता समेतलाई यस खालका विषादीले असर गर्ने जनरल प्राक्टिसिनर डा. पुष्पमणि खराल बताउँछन् । उनका अनुसार त्यस्ता रसायन शरीरभित्र जाँदा जुनसुकै अंगलाई असर गर्न सक्छन् । कलेजो, दिमागमा असर गर्ने खालको हुन्छन् , कुनै नसामा असर गर्ने खालका हुन्छन् । बोनम्यारोमा रक्तकोषिका उत्पादनमा कमी ल्याउने काम पनि त्यस खालका विषादीले गर्छन् । आँखा, छाला आदिमा पनि यसले असर गर्न सक्छ । यस खालको विषादी प्रयोग गर्दा सचेत रहन डा. खरालको सुझाव छ ।

*-अनलाइन खबर डटकम*

## कृषिउपज संकलन केन्द्र प्रयोगविहीन




ग्रामीण क्षेत्रमा उत्पादित कृषिउपज सङ्कलन र बिक्रीका लागि पश्चिम नवलपरासीको सरावलमा निर्माण गरिएको कृषिउपज सङ्कलन केन्द्र सञ्चालनमा प्रयोगविहीन भएको छ । सरावल गाउँपालिका-४ स्थित गोइनीमा निर्माण भएको सङ्कलन केन्द्र कार्यविधिको अभावमा प्रयोगविहीन भएको हो । केन्द्र सञ्चालन नहुँदा यहाँका किसानले आफ्नो उत्पादन बिक्री गर्न बर्दघाट, सदरमुकाम परासी र बुटवलसम्म लैजानुपर्ने बाध्यता छ ।

प्रदेश सरकार र पालिकाको समन्वयमा कार्यविधि बनाएर कृषिउपज सङ्कलन केन्द्र तत्काल सञ्चालन हुनुपर्ने किसानको माग छ ।

लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ मा रु १५ लाखको लागतमा सङ्कलन केन्द्र निर्माण गरेको हो । यसलाई कृषिउपज बिक्री केन्द्रका रूपमा सञ्चालन गर्ने पालिको दीर्घकालीन योजना रहेको सरावल गाउँपालिका अध्यक्ष सुखाडीप्रसाद चौधरी बताए । प्रदेश सरकारबाट कार्यविधि र यसको सञ्चालनका लागि कुनै पनि योजना नहुँदा राज्यको लगानी प्रयोगविहीन भएको छ भने किसानले बजारीकरणको समस्या भोगिरहनुपरेको छ । यसैबीच, सुनवल-१३, बडेरामा स्थापना भएको मोतीलाल बहुमुखी क्याम्पसलाई बस उपलब्ध गराइएको छ । विद्यार्थीहरूको यातायात सहजतालाई दृष्टिगत गरी सुनवल नगरपालिकाले क्याम्पसलाई एउटा बस उपलब्ध गराएको नगरप्रमुख विमला अर्यालले जानकारी दिए । सुनवल नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ मा विनियोजन गरेको रु ३१ लाख ५० हजारबाट क्याम्पसका निम्ति बस खरिद गरिएको हो । विसं २०६५ मा स्थापना भएको क्याम्पसमा स्नातकतर्फ व्यवस्थापन सङ्काय र मानविकी सङ्काय गरी दुई सय ९० जना विद्यार्थी अध्ययनरत छन् ।

*-रासस*

# आज विश्व सिमसार दिवस मनाइँदै




**पाल्पा,** माघ १९/विश्व सिमसार दिवस आज मनाइँदै छ । हरेक वर्षको फेब्रुअरी २ मा चेतना मुलक विभिन्न कार्यक्रम गरी यो दिवस मनाइदै आएको छ । सिमसारलाई जैविक विविधताको हिसाबले महत्वपूर्ण क्षेत्र मानिन्छ । सिमसार क्षेत्रले विभिन्न प्रजातिका जीव तथा वनस्पतिलाई आश्रय दिने गरेको छ ।

विभिन्न प्रजातीका चरा, वनस्पति, रैथाने वनस्पति, माछा, एवं घस्रने जन्तुहरु सिमसार क्षेत्रमा बस्ने गरेका छन् नेपालमा पनि विभिन्न कार्याक्रम गरी यो दिवस मनाउने गरिएको छ । सिमसारको संरक्षण गर्न सन् १९७१ मा रामसार महासन्धि स्थापना भएपछि यो दिवस मनाउन थालिएको पाइन्छ । सिमसार भन्नाले पानीको मुहान लगायत दलदल एवं पानी जमेको क्षेत्रलाई जनाउँछ । सिमसार जैविक विविधताको दृष्टिले महत्वपूर्ण प्राकृतिकस्थल हो । सिमसारले विभिन्न प्रजातिका जीवजन्तु तथा वनस्पतिलाई बासस्थान प्रदान गर्ने भएकाले नै सरकारले पनि सिमसार क्षेत्रको संरक्षण कार्यलाई प्राथमिकतामा राखेको छ । सिमसार क्षेत्र पर्यावरण, जलचर, औषधि र कुन्दमूलका लागि उपयोगी मानिन्छ । सिमसारले बाढी, पहिरो, अतिवृष्टि अनि अनावृष्टिलाई पनि प्राकृतिक सुरक्षा दिन्छ । सिमसार क्षेत्रको दलदले माटोले विश्वका झण्डै ३ अर्ब जनसंख्याका लागि पुग्ने चामल उत्पादन हुने गरेको विभिन्न अध्ययनले देखाएका छन् । सिमसारको नष्ट गर्नु भनेको संसारले भोकमरीलाई निमन्त्रणा गर्नु जस्तै हुने यस क्षेत्रका विज्ञले बताएका छन् । यस्तै, सिमसार क्षेत्र चराका लागि बच्चा कोरल्न पनि उपयुक्त हुने अध्ययनले देखाएको छ । नेपालको करिब ६ प्रतिशत भूभाग सिमसार क्षेत्रले ओगटेको छ । सिमसार लाखौं घुमन्ते चरा, माछा, उभयचर र बोटबिरुवाका लागि महत्वपूर्ण बासस्थान पनि हो । सिमसारले धेरै जनसमुदायका लागि जीवनयापनको आधार पनि प्रदान गरेको छ ।

# पाण्डे 'उत्कृष्ट गीतकार'का रुपमा पुरस्कृत




**पाल्पा,** माघ १९/गुल्मीको इस्मा गाउँपालिका- २ रातडाँडाका माधव पाण्डे 'उत्कृष्ट गीतकार'का रुपमा पुरस्कृत भएका छन् । भारतको राजधानी नयाँ दिल्लीमा भएको 'इन्डो नेपाल सुजन म्यूजिक अवार्ड- २०२४ । मा उनी उत्कृष्ट गीतकारका रुपमा पुरस्कृत भएका हुन् ।

पाण्डेले 'तिमी रैछौं बैगुनी । गीतबाट उत्कृष्ट गीतकारको पुरस्कार हात पार्न सफल भएका हुन् । भारतमा बसेर पनि नेपाली लोक संस्कृतिको संरक्षणमा उनले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । लोक संस्कृतिको जर्गेना गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा नेपाल र भारतका दर्जनौं कलाकारको उपस्थिति रहेको थियो । सो अवसरमा अवार्डका विभिन्न विधामा विजेता कलाकारहरुलाई अवार्ड प्रदान गरिएको हो । उक्त कार्यक्रममा लोक दोहोरी गायिका एवम् मोडल रिया रेग्मी अवार्ड विजेता बनेकी छन् । रियाले 'रहरै भो । गीतबाट सर्वोत्कृष्ट नयाँ मोडलको अवार्ड हात पारेकी हुन् । कलाकारिता क्षेत्रमा प्रवेश गरेको २ वर्षमै रियाले यो अवार्ड लगायत धेरै सफलता हात पार्न सफल भएकी छन् । रियालाई वरिष्ठ गायिका शर्मिला गुरुङ र वरिस्ठ गायक इन्द्र जिसीले बेस्ट म्यूजिक भिडियो मोडलको अवार्ड प्रदान गरेका थिए । अवार्ड वितरणपछि विजेताहरुले अझै यस क्षेत्रमा थप लगनशिल हुँदै अगाडि बढने बताए । सुजन म्यूजिक प्रा.लि.की अध्यक्ष जमुना रानाले भारतमा नेपालीहरुको अवार्ड कार्यक्रम दोस्रो पटक आयोजना गरिएको बताइन् । सुजन म्यूजिक प्रा.लि.को आयोजनामा नेपाल र भारतमा रहेका संगीतकर्मीहरुको नेपाली गीत संगीतप्रतिको योगदानलाई सम्मान गर्न यसवर्ष पनि अवार्ड कार्यक्रम भएको हो ।

## गुल्मी दुई करोड...

...उद्योगमा प्रतिघण्टा दुई हजार लिटर पानी उत्पादन गर्ने क्षमता भए पनि अहिले प्रतिघण्टा एक हजार ५०० लिटर मात्र उत्पादन गरिएको छ । उद्योगमा हाल आधा लिटर र एक लिटरका साथै २० लिटरको जारमासमेत पानी उपलब्ध गराइएको रेसुङ्गा जल प्रालिका अध्यक्ष कुँवरले जानकारी दिए । उद्योगबाट उत्पादित पानी पहिलो चरणमा जिल्लामै खपत गर्ने बताइएको छ । युवा उद्यमी मध्येका कुँवर सिभिल इञ्जिनियर, पन्थी मेकानिकल इञ्जिनियर र पुन प्राविधिक क्षेत्रमा काम गर्ने युवा हुन् । माध्यमिक तहसम्म एउटै विद्यालयमा सँगै अध्ययन गरेका तीन जना साथीको आपसी सल्लाहमा आफ्नै ठाउँमा केही नयाँ काम गर्ने सोंचले पानी उद्योग सञ्चालनमा ल्याएको रेसुङ्गा जल प्रालिका सञ्चालक पन्थीले बताए । गुल्मीमा पहिलो पटक यसरी युवाले पानी उद्योग स्थापना गरेसँगै सबैले उनीहरुको कामको सह्राना गर्न थालेका छन् ।

*-रासस*

## खेलकुद समाचार

# नेपालको लगातार दोस्रो हार



**काठमाडौं,** माघ १९/त्रिदेशीय महिला टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खलामा नेपाल थाइल्यान्डसँग ४ विकेटले पराजित भएको छ । नेपालले दिएको १ सय २ रनको लक्ष्य थाइल्यान्डले ६ बलअघि नै ६ विकेट गुमाएर भेटायो । थाइल्यान्डकी नान्नापट कोन्चारेनकाईले नटआउट ६० रन बनाइन् । नेपालकी मनिष उपाध्यायले २ विकेट लिइन् । यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको नेपालले २० ओभरमा ९ विकेट गुमाएर १ सय १ रन बनायो । नेपालका विन्दु रावल र कविता कुँवरले समान २५ रन बनाए । थाइल्यान्डकी थिपचा पुत्थावोङ्गले ३ विकेट लिइन् । त्रिदेशीय शृङ्खलामा नेपालको यो लगातार दोस्रो हार हो । नेपाल पहिलो खेलमा नेदरल्यान्ड्ससँग २० रनले पराजित भएको थियो । थाइल्यान्डको भने यो लगातार दोस्रो जीत हो । थाइल्यान्डले पहिलो खेलमा नेदरल्यान्ड्सलाई ८ विकेटले हराएको थियो । प्रतियोगितामा आइतबार नेपाल र नेदरल्यान्ड्सबीच खेल हुनेछ । लिग चरणमा शीर्ष रहने टोलीले उपाधि जित्नेछ । पोखरा नेपालको आयोजनामा भइरहेको प्रतियोगिता भोलि आइतबारसम्म चल्नेछ । त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको नेपालले २० ओभरमा ९ विकेट गुमाएर १ सय १ रन बनायो । नेपालका विन्दु रावल र कविता कुँवरले समान २५ रन बनाए ।

## अर्थ /कर्पोरेट समाचार

# बागलुङमा २६ करोड ४६ लाखको सुन्तला बिक्री



**ढोरपाटन (बागलुङ),** माघ १९ / यस वर्ष बागलुङमा रु २६ करोड ४६ लाख ५४ हजार सुन्तला उत्पादन भएको छ । उत्पादनमा केही गिरावट आए पनि किसानले मूल्य भने गत वर्षको तुलनामा बढी पाएका छन् । उत्पादनको हिसाबले गत वर्षको भन्दा २८ मेट्रिकटनले कमी आए पनि मूल्य भने रु एक करोड ८६ लाख ५४ हजार बढी परेको हो ।

कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी सन्तोष अधिकारीका अनुसार अघिल्लो वर्ष जिल्लाभर चार हजार १०० मेट्रिकटन सुन्तला उत्पादन भएकोमा यस वर्ष घटेर चार हजार ७१.६ मेट्रिकटनमा झरेको छ । तर अघिल्लो वर्ष न्यूनतम मूल्य रु ६० रहेकोमा यस वर्ष बढेर रु ६५ पुग्दा उत्पादन घट्दा पनि किसानले उचित मूल्य पाएको उनको भनाइ छ । अघिल्लो वर्ष रु २४ करोड ६० लाखको सुन्तला उत्पादन भएको थियो । पछिल्लो समय सुन्तला खेती विस्तार हुँदै गएको भन्दै यस वर्ष समयमा वर्षा नभएको र हिउँदे सिँचाइ पनि पर्याप्त नहुँदा उत्पादनमा कमी आएको सूचना अधिकारीले बताए । कृषि ज्ञान केन्द्रले सुन्तला उत्पादन किसानलाई प्राविधिक सहयोगसहित अनुदान दिने गरेको उनि बताउन्छन् । उनले भने, 'अघिल्लो वर्षको तुलनामा सुन्तला उत्पादनमा कमी आयो तर मूल्यका हिसाबले भने बढेको छ, किसानले तुलनात्मकरूपमा यस वर्ष घाटा व्यहोर्नु परेको छैन, थोरै भए पनि फाइदानै लिनुभएको छ, यस वर्ष रु ५ ले मूल्य बढेको हुँदा किसान समस्यामा पर्नु भएको छैन, अझै पनि किसानले सुन्तला बजार पठाइ राखेका छ ।' कृषि ज्ञान केन्द्रका अनुसार ६५५ हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ । त्यसमध्ये यस वर्ष ३७७ हेक्टरमा लगाएका बिरुवाले उत्पादन दिएका छन् । जिल्लामा बागलुङ नगरपालिका, काठेखोला गाउँपालिका, जैमिनी र गलकोट नगरपालिकामा सुन्तला उत्पादन हुने गरेको छ । काठेखोला किसान लोकनाथ कँडेलले यस वर्ष रु १३ लाख ५० हजारको सुन्तला उत्पादन गरेको बताए । पोहोर साल रु ११ लाखको सुन्ताल बिक्री गरेको उनले जानकारी दिए । आफ्नो बगैंचामा ३०० बोट सुन्तला रहेको जनाउँदै यस वर्ष २१० बोटल फल दिएको उनको भनाइ छ ।**-रासस**


## कर्मचारी आवश्यकता

नवजनचेतना दैनिकका लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**१. पद :** लेखापाल, संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण वा स्नातक अध्यायन गरेको
**२.पद :** कम्प्युटर अपरेटर
संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण (फोटोसफ, पेजमेकर, इनडिजाइन तथा कम्प्युटरमा दक्षलाई विशेष प्राथमिकता)
**३.पद :** बजार प्रतिनिधि
संख्या : केही
योग्यता : +२ उत्तीर्ण
तलव : नियम अनुसार
आवेदन दिने अन्तिम मिति : २०८१/१०/२० गते सम्म ।
आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।
(बाइक, स्कुटीको लाइसेन्स भएका तथा अनुभवीलाई प्राथमिकता)

**कैलाशनगर मिडिया प्रा.लि.**
**(नवजनचेतना दैनिक)**
भगवतीटोल, तानसेन, पाल्पा
E-mail : njdnews@gmail.com

**वर्गिकृत डिस्प्ले**

*१X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१५६५, ५२१५६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई